जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २३६ • २०८३ असार २ गते मंगलवार • 16 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# मधेश सरकारले ल्यायो ४१ अर्ब १३ करोडको बजेट

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १ असार

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । प्रदेश सभामा सोमबार अर्थमन्त्री युवराज भट्टराईले राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्दै उक्त आकारको बजेट घोषणा गर्नुभएको हो । चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले ४६ अर्ब ५८ करोड रुपैयाँको बजेट ल्याएको थियो । आगामी आवका लागि ल्याइएको बजेट गत वर्षको तुलनामा करिब १३ प्रतिशतले कम रहेको छ। स्रोतको सीमितता र खर्च व्यवस्थापनलाई ध्यानमा राख्दै बजेटको आकार घटाइएको सरकारको भनाइ छ।



बजेटमध्ये चालु खर्चतर्फ १४ अर्ब ६६ करोड रुपैयाँ अर्थात् ३५.६४ प्रतिशत विनियोजन गरिएको छ भने पुँजीगत खर्चतर्फ २६ अर्ब ४७ करोड रुपैयाँ अर्थात् ६४.३६ प्रतिशत रकम छुट्याइएको छ। प्रदेश सरकारले विकास निर्माण तथा पूर्वाधार क्षेत्रमा लगानी बढाउने लक्ष्यसहित पुँजीगत खर्चलाई प्राथमिकतामा राखेको जनाएको छ । अर्थमन्त्री भट्टराईका अनुसार बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यस्तै, राजस्व बाँडफाँटबाट १२ अर्ब ८३ करोड रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ र गत आर्थिक वर्षको नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ परिचालन गरिनेछ। सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत उत्पादन वृद्धि, सामाजिक विकास र नागरिक सेवाको विस्तारलाई प्राथमिकतामा राखेको छ । प्रस्तुत बजेटमा कृषि क्षेत्रको आधुनिकीकरण, शिक्षा सुधार तथा स्वास्थ्य सेवाको पहुँच विस्तारलाई मुख्य प्राथमिकताका क्षेत्रका रूपमा समेटिएको छ । कृषि क्षेत्रतर्फ उत्पादन वृद्धि, किसानलाई प्रोत्साहन, कृषि प्रविधिको प्रयोग विस्तार तथा आत्मनिर्भर कृषि प्रणाली विकास गर्ने उद्देश्यसहित विभिन्न कार्यक्रम अघि सारिएको छ । कृषि उत्पादनलाई बजारसँग जोड्ने, सिँचाइ तथा आवश्यक पूर्वाधार विकास गर्ने र कृषकको आय वृद्धि गर्ने विषयलाई बजेटले जोड दिएको छ । शिक्षा क्षेत्रमा गुणस्तरीय र पहुँचयोग्य शिक्षाको विस्तारलाई प्राथमिकता दिइएको छ। विद्यालय पूर्वाधार सुधार, शिक्षण सिकाइको गुणस्तर वृद्धि, सीपमूलक तथा प्राविधिक शिक्षाको विकासमार्फत दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य बजेटले लिएको छ । स्वास्थ्य क्षेत्रमा नागरिकलाई सहज र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित स्वास्थ्य पूर्वाधार, सेवा विस्तार र गुणस्तरीय उपचार प्रणाली सुधारमा जोड दिइएको छ। आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारसँगै स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिलाई पनि प्राथमिकतामा राखिएको छ ।

यसैगरी बजेटले पूर्वाधार विकास, रोजगारी सिर्जना, प्रविधि विकास र सामाजिक सुरक्षालाई समेत महत्व दिएको छ। सरकारले सार्वजनिक सेवा प्रभावकारी बनाउँदै समावेशी आर्थिक विकासको लक्ष्य अघि सारेको जनाएको छ । 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमको स्वरूप फेरियो, अब 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम'- एक समय मधेश प्रदेश सरकारको सबैभन्दा चर्चित र महत्वाकांक्षी योजनाका रूपमा रहेको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम'लाई परिमार्जन गर्दै प्रदेश सरकारले नयाँ स्वरूपमा अघि बढाउने भएको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत उक्त कार्यक्रमलाई 'मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम'मा रूपान्तरण गरिएको छ । अर्थमन्त्री भट्टराईले 'शिक्षित छोरी, सुरक्षित मधेश: उद्यमशील नारी, समृद्ध मधेश' भन्ने नारासहित महिलाको सीप विकास, उद्यमशीलता र आर्थिक सशक्तीकरणमा केन्द्रित कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो । मधेश प्रदेशको पहिलो सरकारको कार्यकालमा सुरु भएको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम' एक समय प्रदेश सरकारको पहिचानकै रूपमा स्थापित भएको थियो । कार्यक्रमअन्तर्गत छात्रालाई साइकल वितरण, छोरी बीमा तथा लोकसेवा तयारी कक्षाजस्ता योजनाले राष्ट्रिय स्तरमै चर्चा पाएका थिए। तत्कालीन सरकारले यसलाई प्रदेशको गौरवको योजनाका रूपमा अघि बढाएको थियो। तर, पछिल्ला वर्षहरूमा कार्यक्रम प्रभावहीन बन्दै गएको थियो । साइकल खरिद प्रक्रियामा अनियमितताको आरोप लागेपछि कार्यक्रम विवादमा परेको थियो। त्यसयता योजना प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा अधिकांश कार्यक्रम निष्क्रिय अवस्थामा पुगेका थिए । यही पृष्ठभूमिमा प्रदेश सरकारले पुरानो कार्यक्रमलाई नयाँ अवधारणा र उद्देश्यसहित पुनर्संरचना गर्दै महिलालाई स्वरोजगार, सीपमूलक तालिम तथा सहुलियतपूर्ण ऋण मार्फत आर्थिक रूपमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको जनाएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यामलाई प्राथमिक दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# ज्येष्ठ नागरिकको व्यवस्था कागजमै सीमित

*कुनै समय बाटोघाटो वा मेलापातमा भेटिने ज्येष्ठ नागरिकहरू सबैसँग मुस्कुराएर भलाकुसारी गर्थे । तर आज, कतिपय ज्येष्ठ नागरिकहरू बाटोमा भेटिँदा चिन्नै नचाहेजस्तो गर्छ। उनीहरूको पाखुराको चोटबारे सोध्दा 'लडेर लागेको' भन्दै अनेक बहाना बनाएर आँसु लुकाउँदै घरतिर लाग्छ । किनकि, उनीहरूलाई डर छ- यदि सत्य कुरा ओकलियो भने घर पुगेपछि फेरि सन्तानको कडा प्रहार सहनुपर्ने देखिन्छ । संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव बान की मुनले भनेका थिए- 'ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारको अपराध प्रायः घरभित्रै घटित हुन्छ। यस विषयमा प्रभावकारी र सार्वजनिक प्रतिक्रिया दिनु आवश्यक रहेको देखिन्छ । यो समस्या अन्त्य गर्न हाम्रा संकल्पहरू बलियो बनाई, सबैका लागि सम्मानपूर्ण जीवनको सिर्जना गर्नुपर्ने देखिन्छ ।*

*नेपालको सन्दर्भमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकका लागि दुई वटा सिट आरक्षण र भाडामा ५० प्रतिशत छुटको व्यवस्था त गरेको देखिन्छ, तर यो व्यवस्था लगभग कागजमै सीमित रहेको देखिन्छ । अब राज्यले यस विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।*

# महेन्द्र राजमार्ग विस्तारको काम अपेक्षाअनुसार अघि बढ्न सकेन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ असार**

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत रहेको पूर्व-पश्चिम महेन्द्र राजमार्ग विस्तारको काम अपेक्षाअनुसार अघि बढ्न सकेको छैन । इन्धन र निर्माण सामग्रीको मूल्य अत्यधिक बढेको कारण देखाउँदै निर्माण व्यवसायीले कामको गति घटाएपछि सर्लाही, महोत्तरी र धनुषा खण्डमा राजमार्ग विस्तार प्रभावित बनेको हो ।

कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) अन्तर्गत राजमार्गलाई चार लेनमा विस्तार गर्ने काम गत वर्षदेखि सञ्चालनमा छ । यस अन्तर्गत पुल, कल्भर्ट तथा सडक



निर्माणका काम भइरहेका छन्। तर आयोजनाले तोकेको प्रगतिभन्दा काम निकै पछाडि रहेको छ । आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासका अनुसार अहिलेसम्म करिब ४७ प्रतिशत काम सम्पन्न भइसक्नुपर्ने भए पनि हालसम्म करिब २५ प्रतिशत मात्र काम पूरा भएको छ ।

बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# फर्निचर व्यवसायी महासङ्घ मधेस प्रदेशको अध्यक्षमा रमेशबहादुर खड्का



**जीवनराज**
**बर्दिवास, १ असार**

नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासङ्घ मधेस प्रदेशको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनले रमेशबहादुर खड्काको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

नमोबुद्ध होटल बर्दिबासमा शनिबार सम्पन्न अधिवेशनबाट उपाध्यक्षमा दिपेन्द्र कुमार साह, सचिवमा प्रमित ढकाल, कोषाध्यक्षमा शुशील यादव चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा श्रीकृष्ण बछार, डी. मोहम्मद अनायत रुसुल, अन्जनी प्रसाद सत्याल, विशाल गौतम र शंकर बहादुर श्रेष्ठ चयन भएका छन् । खबर दर्पण परिवारको तर्फबाट नवनिर्वाचित अध्यक्ष खड्कासहित सम्पूर्ण कार्यसमितिलाई सफल कार्यकालको शुभकामना ।





रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल


## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः आम्दानी हुने
मिथुनः लामो यात्राको योग छ
कर्कटः पिछडेको साथी मिल्न
सिंहः अनावश्यक चिन्ता
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः खानपानमा समस्या आउने
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः पढाईमा ध्यान दिनुपर्ने


मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे